**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 13.07.2025**

## Governor-Bhanu Jayanti

राज्यपाल ओम प्रकाश माथुर आज गान्तोकस्थित भानु उद्यानमा आयोजित २११ औँ भानु जयन्ती समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो। यस अवसरमा, राज्यपालले सर्वप्रथम पद्मश्रीद्वारा सम्मानित साहित्यकार स्वर्गीय सानु लामालाई श्रद्धाञ्जली अर्पण गर्दै, उहाँको निधन सिक्किमेली नेपाली साहित्य र संस्कृतिका लागि अपूरणीय क्षति हो भन्नुभयो। आफ्नो सम्बोधनमा, राज्यपालले भानु जयन्ती केवल एक पर्व मात्र नभई भाषिक एकता र सांस्कृतिक सम्पदाको प्रतीक भएको बताउँदै, आदिकवि भानुभक्त आचार्यको योगदानलाई सांस्कृतिक पुनर्जागरणको संज्ञा दिनुभयो।

## Bhanu Jayanti

211 औँ भानु जयन्ती समारोह आज गान्तोकमा सामान्य रूपमा सम्पन्न भयो। पद्मश्री सम्मानित सानु लामाको हिजो भएको निधनप्रति सम्मान जनाउँदै, पूर्व निर्धारित सांस्कृतिक कार्यक्रमहरू र सम्मान समारोह स्थगित गरिएको हो। आज केवल भानुभक्त आचार्यको शालिकमा माल्यार्पण तथा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरियो। गान्तोकस्थित भानु उद्यानमा आयोजित माल्यार्पण कार्यक्रममा राज्यपाल ओम प्रकाश माथुर, मुख्यमन्त्री प्रेमसिंह तमाङ, मन्त्रीपरिषद् सदस्यहरू, विधायकगण, नगर पार्षदहरू, साहित्यप्रेमी तथा आम नागरिकहरूले भानुभक्त आचार्यको शालिकमा श्रद्धासुमन अर्पण गरे। नेपाली साहित्य परिषद्, सिक्किमका तत्वावधानमा आयोजना हुने सम्मान तथा प्रतियोगितात्मक कार्यक्रमहरू हालका लागि स्थगित गरिएको छ। परिषद्का महासचिव निलम न्येउपानेका अनुसार स्थगित सबै कार्यक्रम आउँदो भाषा मान्यता दिवसका अवसरमा आयोजना गरिनेछ। साथै, सोरेङ, पाकिम र गेजिङ जिल्लामा पनि भानु जयन्ती मनाइएको छ।

## Pakyong-Nomad Sikkim:

ग्रामीण विकाससँग दुर्गम कामलाई समावेश गर्ने महत्त्वपूर्ण कदमका रूपमा, पाकिम जिल्ला प्रशासनले **सर्वहिते** गैरसरकारी संस्थासँगका सहकार्यमा **"नोम्याड सिक्किम"** अर्थात् भारतको पहिलो डिजिटल नोम्याड गाउँ सुरु गरेको छ। आधिकारिक रूपमा भोली जुलाई १४ को दिन यात्केन गाउँमा उद्घाटन गरिने यस पहलले दिगो, समुदाय-सञ्चालित पर्यटन र डिजिटल नवप्रवर्तनको दिशामा नयाँ अध्यायलाई दर्शाउँदछ। यस मोडेलले केवल ताजा कार्य परिवेश प्रदान गर्ने मात्र नभई स्थानीय जीविकोपार्जनलाई प्रवर्धन गर्ने र सिक्किमका कम परिचित क्षेत्रहरूमा ध्यान आकर्षित गर्ने लक्ष्य पनि राखेको छ। **नोमाड सिक्किम** उत्पादकत्व र उद्देश्यलाई मिलाउने जीवनशैलीलाई साकार पारेर कसरी डिजिटल कनेक्टिभिटीद्वारा ग्रामीण समुदायहरूलाई सशक्त बनाउन सकिन्छ भन्ने दिशामा एक उदाहरण हो।

## Footbal

गान्तोक जिल्लाका लागि ६४ औँ प्रि-सुब्रोतो कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता २०२५ को फाइनल खेल हिजो गान्तोकको पाल्जोर स्टेडियममा सम्पन्न भयो। कार्यक्रममा सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागका अतिरिक्त निर्देशक डा. आर.बी. विश्वकर्मा उपस्थित हुनुहुन्थ्यो। यु-15 पुरुष वर्गमा, टाशी नामग्याल एकेडेमी, TNA-ले प्रभावशाली गोल गरेर उत्कृष्ट प्रदर्शन गरेको थियो। TNA-ले अब गान्तोक जिल्ला च्याम्पियनको उपाधि हात पारेको छ र राज्यस्तरीय प्रि-सुब्रोतो मुखर्जी फुटबल प्रतियोगितामा जिल्लाको प्रतिनिधित्व गर्नेछ। त्यसैगरी, U-17 श्रेणीमा सर टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालय TNSSS-ले पेनाल्टीबाट गोलको सुरुवात गरेर पहिलो हाफलाई ५-० को अग्रताले समाप्त गरेको थियो। TNSSS-ले दोस्रो हाफमा थप दबाब बनाउँदै मडर्न वरिष्ठ माध्यमिक विद्यालयविरुद्ध 13-0 को महत्त्वपूर्ण जित हासिल गऱ्यो। यस विजयसँगै, TNSSS-ले राज्यस्तरीय प्रि-सुब्रोतो मुखर्जी फुटबल प्रतियोगितामा गान्तोक जिल्लाको प्रतिनिधित्व गर्नेछ।

## Pencak Silat:

सिक्किम पेन्चाक सिलाट एसोसिएसन, SPSA को सात सदस्यीय टोली १५ देखि १७ जुलाईसम्म नागाल्याण्डको दिमापुरमा आयोजना हुने सातौँ पूर्वोत्तर पेन्चाक सिलाट च्याम्पियनशिप २०२५ मा भाग लिन आज त्यसतर्फ प्रस्थान गरेको छ। राज्य टोलीका सदस्यहरूमा वरिष्ठ महिला वर्गमा

एलोमा सुब्बा र अद्रिना राई, कनिष्ट महिलाहरूमा एन्जेलिना गुरुङ, प्रि-जुनियर महिलाहरूमा जेसिका मङ्गर, वरिष्ठ पुरुष वर्गमा प्रकाश विष्ट र प्रकाश प्रधान र कनिष्ट पुरुष वर्गमामा येदसेल तामाङ छन्। टोलीको नेतृत्व SPSA का महासचिव भीम सुब्बाले गरिरहेका छन्।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिसभित्र गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 24.7 डिग्री सेल्सियस र न्यूनतम तापमन 18.6 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 24 डिग्री सेल्सियस र न्यूनतम तापमान 19 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।